परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION

साप्ताहिक



वेबसाईट, होस्टिङ, अनलाईन रेडियो, एस.एम. एस. तथा एस.एम. एस. भोटिङका साथै सफ्टवेयर एप्स चाहिएमा हामीलाई सम्भनुहोस ।

सम्पर्कः
Websoft IT Nepal Pvt. Ltd.
Biratnagar, Morang
www.websoftitnepal.com
9842278940



❑ वर्ष ८ ❑ अंक ३ २०७६ श्रावन १९ गते आईतवार Sunday 4, Aug, 2019 ❑ पृष्ठः ६, ❑ मूल्य रु. १०/-


## डाक्टरको लापार्वाही भन्दै आन्दोलन क्षतिपुति पाएपछि मिलापत्र

विराटनगर । निजी लगानीमा संचालन भएको नर्सिङ्गहोम र टिचिङ्ग हस्पिटलहरुमा आएको विरामीहरुको मृत्यु भएमा मृतक परिवारहरुले राजनीतिक आडमा आएर आन्दोलन गर्ने, अस्पतालमा तोडफड गर्ने गरेता पनि अन्तत : मृतक परिवारहरुलाई अस्पताल पक्षले आर्थिक क्षतिपुर्ति दिएपछि मिलापत्र हुने गरेको छ ।

मृतक पक्षहरुले आर्थिक लेनदेनमा मिलेपछि अहिले सम्म कुनै पनि डाक्टरलाई लापार्वाही भएको भन्दै कुनै पनि कारवाही हुन सकेको छैन । आर्थिक लेनदेनमा पिडित पक्ष र अस्पतालपक्ष मिलापत्र गरेपछि लापार्वाहि गर्ने डाक्टर सापहरु सिधै उम्किने गरेका छन् । यसले सिधै देखिन्छ ज्यान भन्दापनि पैसा प्यारो भएको छ । पैसा प्यारो नभएको भए डाक्टरहरुलाई कारवाही हुन्थ्यो ।

विराटनगर महानगर पालिका भित्र दुईवटा हस्पिटल रहेको छ । विराटनगर टिचिङ्ग हस्पिटल टंकी र नोवेल टिचिङ्ग हस्पिटल कन्चनवारी यी दुवै डाक्टरको लापार्वाहिले महिनामा दुई तिनवाटा विरामीको मृत्य हुने गरेको छ ती सवै घटनालाई आर्थिक लेनदेनमा मिलाएको स्रोतको दावी छ ।

डाक्टरको लापार्वाहिका कारण दिन दिनै विरामीको मृत्य हुनेको संख्या वढ्दै गई रहेको छ । नोवेल टिचिङ्ग हस्पिटलमै बालवालिका क्लिनिकका बालरोग विषेशज्ञ विमल अग्रवालको मृत्यु डाक्टरकै लापार्वाहिको कारण मृत्यु भएको परिवारले दावी गरेका थिए । त्यो केस पनि अग्रवालकी छोरीलाई निशुल्क मेडिकल पढाई दिने सर्तमा मिलापत्र भएको स्रोतको दावी छ ।

त्यसै गरी यसै साता सुनसरी भुम्काकी सुत्केरी पार्वती कार्कीको मृत्यु प्रकरण विवाद पनि आपसी आर्थिक लेनदेनमै टुंगिएको छ । अस्पताल र आफन्तबीच मृतकको उपचारमा


वांकी अन्तिम पेजमा...


## चारीको रुपियाले एक लाखको मोवाइल खरिद गर्ने चोर पक्राउ

विराटनगर । मोरङ कटहरी गाउँपालिका वडा नं. १ को सुरज कामतलाई श्रावन ७ गते जिल्ला मोरङ विराटनगर महानगरपालिका १ बस्ने मोतीराज दाहालको घरबाट नगद रु. १३ लाख ५० हजार रकम चोरी गरेको कसुरमा एक जना चोरलाई नगद सहित पक्राउ गरेको छ ।

प्रहरीले विराटनगर महानगर पालिका वडा नं. १ स्थितबाट पक्राउ गरेको छ । पक्राउ पश्चात तलासी गर्दा निजको साथबाट चोरी गरेको नगद रु.३ लाख ८१ हजार र रु.१ लाख ५ हजार पर्ने सेमसुग मोबाईल समेत बरामद गरिएको छ उक्त मोबाईल सेट चोरी गरेको रकमबाट खरिद गरेको अनुसन्धानबाट खुलेको छ । थप अनुसन्धान कार्य जारी रहेको


अन्तिम पेजमा...


## रिक्त स्थानमा मंसिर १८ मा निर्वाचन

विराटनगर । प्रतिनिधीसभा, प्रदेशसभा र स्थानिय तहमा रिक्त रहेको स्थानहरुमा निर्वाचन आयोगले उप निर्वाचन गर्ने तयारी गरेको छ ।

प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका रिक्त रहेका ५० स्थानमा आगामी मंसिर १४ गते उपनिर्वाचन गर्ने भएको छ । बिहीबार बसेको बैठकले प्रतिनिधिसभा र प्रदेशसभामा उपनिर्वाचन गर्ने निर्णय गरेको आयोगले जानकारी दिएको छ ।

ताप्लेजुङमा भएको हेलिकोप्टर दुर्घटनामा परेर तत्कालिन पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीको निधन भएपछि कास्की क्षेत्र नम्बर २, प्रतिनिधिसभा सदस्यविहीन रहेको छ ।

त्यसैगरी प्रदेश नं. ५ अन्तर्गत दाङ क्षेत्र नम्बर ३ को 'ख' बाट निर्वाचित प्रदेशसभा सदस्य उत्तरकुमार ओली, गण्डकी प्रदेश अन्तर्गत बाग्लुङ क्षेत्र नम्बर २ 'ख' का सांसद टेकबहादुर घर्ती र प्रदेश ३ को भक्तपुर-१ 'ख' बाट निर्वाचित हरिशरण लामिछानेको निधनपछि प्रदेशसभाका तीन स्थान खाली रहेको छ

स्थानीय तह निर्वाचन ऐन, २०७३ मा आयोगसागको परामर्शमा सरकारले मिति घोषणा गर्ने व्यवस्था छ । स्थानीय तहमा चार प्रमुख, एक उपप्रमुख र ४१ वडा अध्यक्षको पद रिक्त छन् । उपनिर्वाचन मिति घोषणा गर्नुअघि आयोगले१८ दलसँग छलफल गरेको थियो ।

## अस्थायी र करार शिक्षकहरु द्धारा आन्दोलन स्थगित

राकेश कर्ण

विराटनगर । प्रदेश नं. १ का अस्थायी तथा करार शिक्षकहरु द्वारा जारी रहेको आन्दोनल केही दिनको लागि स्थगित गरिएको छ ।

लिखित र मौखिक परीक्षाको आधारमा अयोग्य ठहराईएका शिक्षकहरूलाई पुनर्वाहाली गर्नुपर्ने माग सहित मुख्यमन्त्री शेरधन राई समक्ष ज्ञापन पत्र बुझाउँदै एक साताको लागी सो आन्दोलन स्थगित गरिएको छ ।

२०७५ असार २९ र ३० गते लिइएको परीक्षामा देशभरिबाट प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तह अन्तर्गत सहभागी भएका जम्मा २७ हजार अस्थायी शिक्षकहरुमध्ये १४ हजार उत्तिर्ण र १३ हजार अनुत्तीर्ण भएका थिए ।

अनुतीर्ण भएका जम्मा १३ हजार अस्थायी शिक्षक शिक्षिकाहरुले पुनर्वाहालीको मागसहित रोजगारीको सुनिश्चित गर्न विगत ६ महिना देखि आन्दोलन गर्दै आईरहेको क्रममा प्रदेश नं. १ का अस्थायी तथा करार शिक्षक शिक्षिकाहरुले पनि विगत ४ दिन देखि विराटनगर स्थित मुख्यमन्त्री कार्यालय अगाडि धर्ना दिदै आईरहेका थिए

अस्थायी शिक्षकहरुलाई स्थायी बनाउन लागि विभिन्न चरणको आन्दोलन पश्चात नेपाल सरकार, नेपाल शिक्षक महासंघ र अस्थायी शिक्षक आन्दोलन समितिको बीच चरणबद्ध सम्झौता भएको थियो । उक्त सम्झौता बमोजिम साधारण प्रक्रियाबाटै परीक्षा लिई अस्थायी शिक्षकलाई स्थायी बनाउने निर्णय भएको थियो ।

तर पाठ्यक्रम बाहिरको प्रश्नपत्र हालेर शिक्षकलाई षड्यन्त्रपुर्ण रुपमा असक्षम र अयोग्य बनाउने काम भईरहेको अवस्थामा संविधानको धारा ३३ को पालना गर्दै सो बमोजिमको व्यवस्था हुनुपर्ने भोला आधारभुत विद्यालय दुहबी ३ सुनसरीकी शिक्षिका दिलमाया भुजेलले बताईन । शिक्षकले पाएको अवसर पनि वर्तमान सरकारले खोसी असक्षम घोषणा गरेर


वांकी अन्तिम पेजमा...



भर्ना खुल्यो ! भर्नाखुल्यो !!

CTEVT बाट २०५२ सालमा सम्बन्धन प्राप्त

N.I.T. विराटनगरमा

SEE/SLC उत्तिर्ण तथा पुरक परीक्षा दिने विद्यार्थीहरुका लागि

C.M.A.
Lab Assistant
J.C.T. / I.T.

१८ महिने कार्यक्रमहरुमा भर्ना खुल्यो ।
फारम भर्ने अन्तिम मिति २०७६ श्रावण १५ गते प्रवेश
परीक्षा मिति : २०७६ श्रावन २५ गते

नेशनल ईन्स्टिच्यूट अफ टेक्नोलोजी
अच्यूत मिल, बरागाछी, विराटनगर-४ मोरङ्ग
फोन नं. ०२१-४६०३३१,९८५२०२८४०३,९८५२०२८४१५,
९८१९३४९१२२ email : nitbrt@gmail.com

भर्ना खुल्यो
प्रदेश नं. १ मै भौतिक पूर्वाधारले सम्पन्न
सम्बन्धित परिषद्बाट स्थायी मान्यता प्राप्त
विराट हेल्थ कलेजमा
HA
Staff Nurse
D Pharmacy
Radiography
Lab Technician
प्रवेश परीक्षा : ०७६ श्रावण २२ गते
विराट हेल्थ कलेज, विराटनगर
०२१-४२०९७४/९८४२०८५०४०
Website : www.birathealthcolle.com

## डाक्टरको...

लागेको सम्पूर्ण खर्च मिनाहा गरिदिने र नवजात शिशुको पालनपोषणका लागि आवश्यक रकम अस्पतालले उपलब्ध गराउने सहमति भएपछि सो विवाद टुंगो लागेको छ ।

त्यसै गरी अषाढ ५ गते खुट्टामा चोट लागेर उपचारका लागि भर्ना भएका सुनसरी दुहवी नगरपालिका वडा नं. ५ का अनिल साहको पनि उपचारको क्रममा मृत्यृ भएको भन्दै स्थानीयहरुले नोवेल अस्पताल र दुहवी वजार नै वन्द गराएर कडा आन्दोलनमा उत्रेका थिए । तर त्यो प्रकरण पनि आपसी लेनदेनमा नै टुगो लागेको थियो ।

विराटनगरका निजी नर्सिङ्ग हस्पिटल र टिचिङ्ग हस्पिटलमा डाक्टरको लापरबाहीले बिरामीको मृत्यु हुने र मृतक परिवारवाट विरोध गरी सम्बन्धित चिकित्सकलाई कारवाही गराउनु का सट्टा आर्थिक लेनदेन गरी मिलापत्र गर्ने प्रचलन नै भई सकेको वृहत मधेशी नागरिक समाजका अध्यक्ष सुर्यनाथ प्रसाद सिंहले वताए ।

नोवेलमा भएको पछिल्लो घटनामा नोवेल हस्पिटलले मृतक कार्कीको उपचारमा लागेको खर्च २६ हजार फिर्ता, हस्पिटललाई तिर्न रहेको ९ हजार रुपियां मिनहा गरी नवजात शिशुको पालन पोषणको लागि २ लाख रुपियां दिने भएपछि विहीवार मिलापत्र गरी परिवार पक्षले मृतको शव बुझेको थियो ।

## अस्थायी...

समाजमा अपहेलित बनाउने कार्य भइरहेको उनको भनाई छ । उनीले भनिन हाल अधिकांश शिक्षक शिक्षिकाहरु मानसिक समस्याबाट गुजरिनु पर्ने अवस्था सिर्जना भएको छ ।

त्यस्तै प्रदेश भरिका सम्पुर्ण अस्थायी शिक्षकहरुलाई पुर्ववत रुपमा उमेरको हद सम्म सेवाबाट नहटाई काम गर्ने अवसर प्रदान गर्नुपर्ने, केन्द्रको अधिकार काटेर प्रदेशलाई अधिकार दिईनुपर्ने र औषधी उपचारको व्यवस्था हुनुपर्ने माग सहित आफु आन्दोलन उत्रिएको शिक्षकहरुले दावी गरेका छन् ।

उनीहरुले राष्ट्रको शिक्षा नीति अनुरुप देश भरिका सम्पुर्ण अस्थायी शिक्षकहरुले युवा उमेरदेखि नै आफ्नो जीवनको महत्वपूर्ण समय शिक्षा क्षेत्रमा लगानी गरी दक्ष जनशक्ति उत्पादनको लागि बर्षौ बर्ष देखि अस्थायी रूपमा राष्ट्रलाई योगदान पुऱ्याउँदै आईरहेको समेत जानकारी दिए ।

शिक्षकहरुले शिक्षा ऐनको आठौं र नवौं संशोधनद्धारा सम्पुर्ण अस्थायी शिक्षकलाई सेवाबाट अवकाश दिने परिस्थिति सृजना भईरहेको बेला अस्थायी शिक्षकहरुको जागिरलाई सुरक्षित गरिदिन प्रदेश सरकारलाई आग्रह गरेका छन ।

सोही क्रममा प्रदेश १ का मुख्यमन्त्री शेरधन राईले प्रदेश पनि नयाा भएकोले कानुन तथा संरचनाहरु पनि क्रमश निर्माण हुादै गईरहेको बताए । उनले शिक्षा सम्बन्धी सम्पुर्ण निर्णय लिने अधिकार र कानुन केन्द्रकै स्वामित्वमा रहेको प्रष्ट पारे । मुख्यमन्त्री राईले सो अवस्थामा पनि अस्थायी शिक्षकहरुको मागलाई सम्बोधन गर्दै सकारात्मक पहलका लागी प्रदेश स्तरीय रुपमा यो बिषयमा छलफल गर्ने आश्वासन समेत व्यक्त गरेका छन ।

## चोरीको...

प्रहरीले जनाएको छ ।

त्यसै गरी मानव बेचबिखन मुद्धाको फरार अभियुक्त पक्राउलाई प्रहरीले पक्राउ गरेको छ ।

सांकेतिक नाम विराटनगर ( ठ७१) को जाहेरीले बादी नेपाल सरकार प्रतिवादी शुसिला अधिकारी समेत भएको मानव बेचबिखन तथा ज.ज.क मुद्धा २०७५ चैत ७ गते दर्ता भई अनुसन्धान पश्चात २०७६ बैशाख ८ गते जिल्ला सरकारी वकिल कार्यालय मोरङमा पेश हुदा मोरङ जिल्ला अदालतको मिति २०७६ बैशाख १७ गतेको आदेशले पक्राउ परेका अभियुक्तहरु शुसिला अधिकारी, आशिष महतो, नुर जमाललाई पुर्पक्षको आदेश भई हाल थुनामा रहेको अभियुक्त सन्तोष कुमार परियारलाई रु. १ लाख धरौटी माग हुदा राख्न नसकि कारागार चलान भएको सोही मुद्धाको फरार प्रतिबादी जिल्ला मोरङ विराटनगर मनपा ६ बस्ने बर्ष ४१ को वसन्त राजवशींलाई खोज तलास गर्ने क्रममा २०७६ श्रावन १२ गते पक्राउ गरेका छ ।

जिल्ला प्रहरी कार्यालय मोरंग समन्वयमा महानगरिय प्रहरी बृत गौसला काठमाडौले पक्राउ गरी वसन्त राजबंशीलाई आज जिल्ला अदालतमा पेश गरिएकोमा सम्मानित जिल्ला अदालतको आदेशले पुर्पक्षको लागी कारागार चलान गरेको छ प्रहरीले वताए ।

## निजामती...

प्रक्रियामा सहभागि गराउने, कर्मचारीलाई परिवर्तन स्वीकार गर्न काउन्सिलिङ गर्ने तथा नयाँ सीप विकास र नयाा ठाउमा काम गर्ने आत्मवल विकासमा सहयोग गर्ने, कर्मचारीलाई मनाउन कतिपय अवस्थामा विषयवस्तु घुमाउरोपारले भन्ने तथा प्रतिरोधी समूहको मुख्य व्यक्तिलाई भूमिका दिने, अस्पष्टरूपमा शक्ति प्रयोगको ध्वाास दिने, कर्मचारीलाई मर्का परेको कारण क्षतिपूर्ति दिने ( समायोजनगर्दा एक तह बृद्धि वा ग्रेड बृद्धि), संगठनमा सिक्ने वानी विकास गर्ने, टीममा काम गर्ने संस्कृति विकास गर्ने, परिवर्तनको योजना बताउने र पर्दशन समेत गर्ने, परिवर्तन गर्न नहतारिने, परिवर्तनवाट देखिने भविष्यको विश्लेषण गर्ने तथा परिवर्तनका मूल्यहरू स्पष्ट गर्ने गर्नुपर्दछ । साथै, परिवर्तन प्रक्रियालाई पारदर्शी बनाउने, कर्मचारीसाग वार्ता गरि साझा मूल्य र रणनीति बनाउने, नवीन कार्यशैली र व्यवहारलाई पुरस्कृत गर्ने, परिवर्तनका लागि आवश्यक अध्ययन अनुसन्धान गर्ने र परिवर्तन व्यवस्थापनको लागि परिवर्तन एजेन्टको व्यवस्था गर्नेगर्न सकिन्छ ।

# किन हुन सकेन अनिसको दाह संस्कार ?

पथरी । साउन ५ गते आईतबार रातको करिव ११ बजे घरबाट सार्थीहरुले लिएर गएका अनिस कार्कीको ४ दिन पछि मृत अवस्थामा फेला परेका थिए । बुधबार दिनको २ बजे बक्राह र नुनसरी खोलाको बगरमा कार्कीको शव निर्वस्त्र अवस्थामा फेला परेको थियो । बिबादका कारण पोष्टमाटम गर्न मोरङको मंगलबारे अस्पतालमा राखेको शवको पोष्टमाटम हनु सकेन ।

डाक्टरले जटिल केश भएको भन्दै पोष्टमाटम गर्न नमाने पछि पूर्ण अस्पतालमा तनाव सृजना भयो । अन्तत : ४ दिन पछि पोष्टमाटमको लागि धरान स्थित बि पि स्वास्थ बिज्ञान प्रतिस्ठान धरान लगिएको थियो ।

१८ बर्षीय कार्की सानै देखि मिक्लाजुङ -मधुल्ला चौकमा मामल बस्दैआएका थिए भने फागुनमा बिबाह गरि नजिकै श्रीमतीका साथ डेरा बस्दै आएका थिए । कार्कीलाई साथी संदिप नेपाली र विशाल ऋृसिदेवले रातको १० बजे लगेको मृतककी श्रीमती वताए ।

भोलि पल्ट श्रीमान् नआए पछि संदिप नेपालीलाई सोध्दा काठमाडौ गएको भन्दै ढाटेर आफ्नो मोवाईल समेत नेपालीले लगेको उनको श्रीमतीको भनाई छ ।

शव झट हेर्दा खोलाले बगाएको नभएर कसैले कुटेर मारेको हुन सक्ने मृतकका दाईले वताए । शरिर भरि निल डाम भएको, टाउकोमा गहिरो चोट र निर्वस्त्र अवस्थामा खोलामा माछा मार्नेले भेटेको आमाले बताईन । घरबाट हराएको ४ दिन पछि खोलामा भेटिएको शवमा कहि कतै बालुवा र माटो लागेको छैन । परिवारलाई साथी माथी शंका लागे पछि प्रहरीमा जाहेरी दिदा प्रहरीले मरेको भन्दै जाहेरी लिन नमानेको आमा र स्थानिय बताउछन । .

खोलाको बगरमा लाश भेटिएकाले थप अनुसन्धान भैरहेको इलाका प्रहरी कार्यलय उर्लाबारीका प्रहरी निरिक्षक राम तिम्सीनाले बताए । घटना केहि संकास्पद संकेत भएकाले अनुसन्धान भईरहको र पोष्टमार्टम गरिने रिपोट आए पछि थप अगाडी बढ्ने तिम्सीनाको भनाई छ ।

कार्कीलाई लिएर जाने विशाल ऋृसिदेव भने हाल सम्म फेला परेका छैन् भने संदिप नेपालीलाई प्रहरीले बाईकमा भाग्दै गर्दा समातेको स्थानीयको भनाई दावी छ

यता पोष्टमाटमका लागी मंगलबारे अस्पतालमा राखिएको शव भने डाक्डरले हेरेर गर्न नमाने पछि तनाव सृजना भएको छ । डाक्डरले शवमा केमिकल लगाएर कपाल समेत चिरफार गर्ने भन्दै भित्र परेको र नसक्ने भनेर बि पि कोइराला स्वास्थ बिज्ञान प्रतिस्ठानमा लानु भन्दै पन्छीएको मृतकका काका मान बहादुर कार्की बताए ।

सबै थोकको तयारी गरे पछि कपाल समेत खैरिएको शवमा कसैको एक कल फोनमा पोष्टमार्टम नगरेको आमाले बताईन । यता शवको दाहसस्कारको लागी चिता बनाएको र सबै तयारी भएको आमाले बताईन ।

शव पोष्टमाटम गर्ने डाक्डर एलिजा तन्डुकारका अनुसार कुनै दवावका कारण नभएर विशेषज्ञ डाक्डर नभएको त्यसमा पनि शव अलिक जटिल भएकाले धरान रेफर गरेको बताईन ।

सोहि अस्पतालको अर्का डाक्डर योगेस मण्डलका अनुसार आफुहरु एम बि बि एस मात्र भएको भन्दै आफ्नो नलेजले सक्ने मात्र गर्ने त्यो भन्दा माथीको केश भएकाले रेफर गर्नु पर्ने हुन्छ त्यसैले रेफर गरेको छ । यी यथावत काराण र प्रहरी प्रशासन पन्छिनेकारणले गर्दा दाह संस्कार हन सकेको छैन ।

---

निजामती सेवामा परिवर्तन व्यवस्थापन

निजामती सेवा परंपरावादी छ । भाग्यवादी सोचाईबाट सञ्चालन भैरहेको छ । परिवर्तनलाई अवसरको रूपमा नलिने र समस्याको रूपमा लिने रोग छ । संगठनमा नवीन प्रयोगलाई हतोत्तसाही गर्ने गरिन्छ । संगठन तदर्थवादमा सञ्चालन हुने र कुनै रणनीतिक भिजन भएको पाईदैन् । निजामती प्रशासनको नेतृत्व संगठनात्मक कार्य वातावरण प्रति संवेदन शील पाईदैन् । परिवर्तनहरू माथिबाट लादने गरिन्छ, पारदर्शिता छैन् । कतिपय परिवर्तनहरू स्वाथी व्यक्ति चाहनाअनुरूप हुनेगर्दछ । नवीन अग्रसरता र प्रयोगलाई प्रोत्साहन गर्ने भन्दा आफ्नै लागि चुनौति संझने गर्ने गरेको पाईन्छ । परिवर्तनको लागि धेरै वकालत गरे पनि परिवर्तन नगर्ने प्रवृति हावी हुनेगरेकोछ । निजामती सेवामा जोखीम लिएर निर्णगर्ने वा काम गर्ने वातावरण छैन् । परिवर्तनका लागि कर्मचारीलाई सशक्ति करण गर्ने नीति, योजना र तालिम कार्यक्रम छैन् । यथास्थितिमा रमाउने, संगठनात्मक संस्कृति परिवर्तन विरोधी तथा परिवर्तन प्रतिरोध न्यूनीकरणका उपाय अवलम्वन नगर्ने कारण परिवर्तनको प्रतिरोध हुन्छ र प रिवर्तन गर्नु भनेका निजामती सेवामा फलामको च्यूरा चपाएभन्दा कठिन हुन्छ ।

उपसंहार

कर्मचारी प्रशासनले अत्यन्त गतिशिल समाजमा काम गर्नुपर्ने भएकाले यथास्थिति सोंच, क्षमता, व्यवहार, संस्कृति र लक्ष्यको अर्थ छैन् । परिवर्तनलाई अपरिहार्य आवश्यकता संझेर परिवर्तनकामी कर्मचारी र परिवर्तनमूलक कार्य संस्कृति को विकास गर्दे हरेक परिवर्तनलाई सहजताका साथ ग्रहण गर्ने निजामती सेवाको विकास आजको आवश्यकता हो । (मधेश दर्पण फिचर सेवा)

सिप सिकौं पुनर्निर्माणमा योगदान गरौ !

राष्ट्रिय पुननिर्माण प्राधिकरणको समन्वयमा विभिन्न संघ/संस्थाले गाउा-गाउामा डकर्मी, सिकर्मी तालिम दिई रहेका छन् । त्यस्ता तालिममा सहभागी भई सिप सिकौं पुनर्निर्माणमा योगदान गरौं । जीविकोपार्जनमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
सुचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### समाजिक परिवर्तनको लागि यूवा शक्ति

समाजलाई परिवार्तनका गर्नको यूवा शक्तिको आवश्यकता पर्दछ। तर नेपालको सन्दर्भमा हेर्दा यूवा शक्तिहरु विदेश पलायनको अवस्थामा रहेको छ। दिनहूँ नेपालवाट अध्ययनका लागि, वैदेशिक रोजगारीको लागि विदेश पलायन भई रहेको अवस्था छ। यसलाई राक्नको लागि नत राणा शासकले प्रयास गरे, नत प्रजातन्त्रवादी, नत लोकतन्त्रवादी नेताहरुले प्रयास गरेका छन्। जसको फल स्वरुपमा लाखौ यूवाहरु खाडी मुलुक्हरुमा कष्टकर जीवन विताउन र नेपाली यूवतीहरु अनैतिक धन्धा तिर लागेको छ। देशमा राजनीतिक परिवर्त धेरै भएका छन्। तर समाज परिवर्तनका नारामात्र लगाएर सवै नेता तथा कार्यकर्ताहरुले व्यत्तिगत आर्थिक परिवर्तको लागि मात्र काम गरेका छन् । समाजलाई परिवर्त गर्नका लागि अवका दिनमा नयां सोच र जागर लिएर यूवाहरु अगाडी वढेमा मात्र समाजिक परिवर्तन हुन सक्छ। त्यसका लागि यूवाहरुले एक जुट भई समाजिक परिवर्तनमा लाग्नु पर्छ।

सामाजिक परिवर्तनको लागि शिक्षाका अनिवार्य रुपमा आवश्यकता पर्दछ। शिक्षा विना परिवर्तन सम्भव छैन। नेपालको शैक्षिक नितीले नेपाली नेपाली विच विभेदको खाडल वनाएको छ। देशको शैक्षिक निती एउटा हुनु पर्छ। शिक्षण संस्थामा कुनै पनि राजनीति हुनु हुंदैन। शैक्षिक क्षेत्रलाई राजनीति मुक्त वनाई अध्यय अध्यापनलाई कडाईका साथ लागु गरी शैक्षिक क्षेत्रमा देखिने भ्रष्टाचारलाई निर्मुल गरी निजी र सामुदायिक विद्यालयमा समान किसिमको पठ्यक्रम लागु गरी समान शिक्षा प्रदान गर्नु पर्दछ। समाजमा समान शिक्षा भएपछि समाजिक परिवर्तन अवश्य हुन्छ।

शैक्षिक अवस्था सुधार भएपछि देशमा रोजगारीको सृजना गर्नु पर्दछ। जसले गर्दा हाम्रा यूवा शक्तिहरु कामका खोजीमा विदेश भौतारिनु पर्दैन। देशमा रोजगारी गरी जीवन आपन गर्न र आफ्नो सीप र शैक्षिक योग्यताले नेपालीलाई सेवा गर्दछन्। अहिले नेपाल सरकारको छात्र वृतिमा पढेका यूवाहरु पनि विदेश नै पलायन भएको छ। सरकारले लगानी गरेको शक्ति देशको लागि हुनु पर्नेमा त्यो शक्ति विदेश पलाय भई भई रहेको छ। तसर्थ यस्ता वेतिथीहरुलाई रोक्न यूवा शक्तिहरु एक जुट भई फोहरी राजनीतिक खेललाई समाप्त पर्न आवश्यक रहको छ अन्यथा देश अझ द्धन्द्धमा फसी गरीवी, भोकमरी सृजना भई समाजिक, आर्थिक रुपमा पछाडि पर्ने देखिन्छ।

## साप्ताहिक राशिफल

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : **दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन** (क,कि,कु,घ,ङ,छ,के,को,ह) : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो) : युवावर्गका लीगि मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तु,ते) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक** (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : **बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु** (यो,भा,भी,भू,ध,फा,ढ,भे) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर** (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन** (दी,दु,थ,झ,ञ,दे,दो,च,ची) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# प्रधानमन्त्री रोजगारका नाममा राज्यकोषको ब्रहमलुट

नेपालको संविधानको धारा ३३ ले रोजगार र श्रमको हकलाई मौलिक हकका रुपमा स्थापित गरेको छ। सबैले काम गर्न पाउने अवस्थाको सुनिश्चित गर्दै सामाजिक-आर्थिक शक्तिका रुपमा रहेको श्रम शक्तिलाई दक्ष व्यवसायिक बनाउन र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने कुराको सुनिश्चित्ता प्रदान गरेको छ। तर, यसअनुरुप नेपालीहरूले नेपालमा नै रोजगारी पाउने वातावरण अझै बन्न सकेको छैन।

हरेक वर्ष लाखौं युवा युवतीहरू मलेसिया लगायत अन्य खाडी मुलकमा वैदेशिक रोजगारको लागि जान वाध्य छन्। नेपाल सरकारले हरेक वर्ष नेपालको श्रम बजारमा पाँच लाख युवाहरू प्रवेश गर्ने अनुमान गर्दै देशैभित्र रोजगारी सिर्जना गर्ने नारा दिँदै ०७५ फागुन १ गते स्वयं प्रधानमन्त्रीले प्रधानमन्त्री रोजगार कार्यक्रम शुभारम्भ गर्दै लागु गरेको छ।

तर, यो कार्यक्रमको स्पष्ट खाका र मापदण्डको अभाव एवं सम्पूर्ण वेरोजगारहरूको सुचिविना नै लागु गरिएकाले यो कार्यक्रम आफ्नै कार्यकर्ता पोस्ने वाहानाका साथै चरम आर्थिक दुरुपयोगको भएको देखिन्छ।

हुन त यसको मुख्य उद्देश्य मुलुकमा विद्यमान वेरोजगारी र गरिबीको समस्यालाई सम्वोधन गरी दिगो आर्थिक विकास हासिल गर्दै रोजगारीलाई उच्च प्राथमिकता प्रदान गर्न आगामी ५ वर्षभित्र बाध्यात्मक वैदेशिक रोजगारीलाई निरुत्साहित गर्ने लक्ष्य लिएको देखिन्छ।

तर, प्रधानमन्त्री रोजगार कार्यक्रम हाल सबै पालिकाहरूमा सञ्चालित भए तापनि यसले बेरोजगारलाई रोगजारी दिएर आत्मनिर्भर बनाउनुभन्दा पनि केवल सस्तो प्रचार-प्रसारमा मात्रै केन्द्रित भएको देखिन्छ। यसरी देशभरि चलिरहेको यो कार्यक्रमलाई सरकारले आफ्नो ठूलो उपलब्धिका रुपमा लिएता पनि आम जनताले भने यसबाट प्रत्यक्ष लाभ लिन पाएका छैनन्।



डा. डिला संग्रौला

रोजगारी सिर्जना गरेर जनताको जीवनस्तर माथि उठाउने यसको मूल उद्देश्य भए पनि यस कार्यक्रमको बजेट सही ठाउँमा सदुपयोग हुन सकेको छैन। यसको प्रभावकारिता र पारदर्शितामा आम नेपाली जनताहरूले विश्वास गर्ने वातावरण नभएकाले यो कार्यक्रम सर्वत्र आलोचनाको घेराभित्र छ भने सरकार यसैलाई आफ्नो उपलब्धी ठानेर प्रचार-प्रसारमा व्यस्त छ।

पाँच अर्ब रकम छुट्ट्याइएको यस कार्यक्रममा गरिएको कार्यको मूल्याङ्कन, समीक्षा लेखाजोखा नगरी फेरि १३ अर्बको ऋण लिने गृहकार्यमा सरकार जुटेको देखिन्छ। विश्व बैंकको अन्तराष्ट्रिय संस्थाबाट १२० मिलियन डलर ऋण लिन सरकारले वार्ताटोली नै गठन गरेको छ।

प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि ५ अरब एक करोड रुपैयाा विनियोजित गरिएकोमा यसले अपुग हुने भन्दै आउादो ५ वर्षभित्र खर्च गर्ने गरी विश्व वैंकसँग ऋण लिन जुटेको देखिन्छ। तर, अर्थमन्त्रालयका उच्च सरकारी निकायले ऋण नलिन सुझाव दिादादिादैं पनि श्रममन्त्री अधिक्तम दक्ष जनशक्ति उत्पादन गर्ने नाममा उक्त ऋण लिन उद्दत देखिन्छन्। यसरी नेपाली जनतालाई सधैं ऋणको भारी बोकाएर कसरी युवा युवतीलाई दक्ष बनाउन सकिन्छ ? त्यसैले प्रधानमन्त्री रोजगार कार्यक्रम राज्यकोषलाई ब्रहमलुटको संज्ञा दिनुपर्ने स्थिति छ।

किनभने, सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तगत न्यूनतम रोजगारी दिने नाममा रोजगारी हकसम्बन्धी ऐन २०७५ को विपरीत बजेट खर्च गर्दै बेरोजगारहरूको तत्थ्याङ्क संकलन नगरी उनीहरूको योग्यता र क्षमताको पनि वेवास्ता गरी मनपरी ढंगले बेरोजगारहरूको छनोट गरी यो कार्यक्रम लागु गरेको छ। चालु आर्थिक वर्ष सकिनै लाग्दा सरकारले न्यूनतम रोजगारको एक महिने कार्यक्रम शुरु गरेको हो। जबकी रोजगारीसम्बन्धी ऐनले न्यूनतम रोजगारी हुनका लागि कम्तिमा १०० दिन हुनुपर्ने व्यवस्था गरेको छ।

हाल श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले ७५३ वटै स्थानीय तहमा बेरोजगारलाई ३० दिने रोजगारी दिन २ अर्ब ३६ करोड ८० लाख निकासा गरेको भएता पनि यसको सही ढंगले सदुपयोग भन्दा दुरुपयोग भएको देखिन्छ। यस कार्यक्रमअन्तर्गत स्थानीय तहले गर्नुपर्ने आयोजनाको सीमा केन्द्ले नै तोकेको छ। जस्तो- सडक निर्माण तथा मर्मत, कृषि, सिंचाई, ग्रामिण खानेपानी, स्वास्थ्य तथा सरसफाई, शिक्षा, वन तथा जलधार, पर्यटन र स्थानीय आवश्यकताअनुरुप अन्य श्रम आयोजना अघि बढाउने आदि छन्।

यस्ता आयोजना सम्वन्धित स्थानीयतहको वार्षिक योजनामा परको हुनुपर्छ। सशर्त अनुदानमा प्राप्त रकम स्थानीयतहले बाहेक अरुले खर्च गर्न पाउादैनन्। सरकारले न्यूनतम १०० दिनको रोजगार उपलब्ध गराउन नसके असार मसान्तभित्र बेरोजगारलाई ५० दिनको पारिश्रमिक बेरोजगार भत्ता उपलब्ध गराउने व्यवस्था भएपनि यो कार्यक्रम ढीलो लागु गरेकाले चालु आर्थिक वर्षमा बेरोजगारले यो भत्ता पनि पाएका छैनन् भने बेरोजगारको तथ्याङ्क नै संकलन नगरी ०७६ र ७७ मा संलग्न हुन चाहेका बेरोजगारलाई वैशाखमा नै आवेदन संकलन गरिएको थियो।

यसरी कतिले निवेदन दिए, कति सुचीकृत भए भन्ने तथ्याङ्क नआउादै केन्द्रले ३ अर्बको बजेट खर्च गर्दा धेरै नै अनियमितता भएको देखिन्छ। अर्कोतर्फ बेरोजगारमा सुचीकृत नै नभएका आफना पार्टीका कार्यकर्तालाई भरणपोषण गर्ने गरी रकमको चरम दुरुपयोग भएको छ।

यसरी यो कार्यक्रम शुरु हुादा युवाहरूलाई सीपसहितको रोजगारी दिएर आत्मनिर्भर बनाउछ कि जनताको आशा पनि अहिले भैरकेको कार्यक्रमको ढााचा, शैली क्रियाकलाप र प्रवृत्तिलाई हेर्दा आफना अरिंगाललाई पाल्ने भााडो भएको देखिन्छ।

अहिले विभिन्न ठाँउमा भएको कार्यक्रमलाई हेर्दा यसको वजेट सडकको नाली सफा गर्ने, झार उखेल्ने, बाादर लखेट्ने, ढुंगा बिच्छ्याउने जस्ता काममा खर्च गरेको देख्दा यसको जताततै खिल्ली उडेको छ। यस्ता क्रियाकलापबाट बेरोजगारहरू कसरी लाभान्वित भएर आत्म निर्भर हुन्छ भन्ने देखिन्छ। त्यसैले

वांकी अन्तिम पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आाखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

# हिपमत तरंग

## सावन, सोमवार, शिवलिंग और महादेव की अनन्त महिमा

**संजीव कुमार दुवे**

सावन का महीना और भगवान शंकर यानी भक्ति की ऐसी अविरल धारा जहां हर हर महादेव और बम बम भोल की गूंज से कष्टों का निवारण होता है, मनोवांछित फल की प्राप्ति होती है । यूं तो भगवान शंकर की पूजा के लिए सोमवार का दिन पुराणों में निर्धाति किया गया है ।

सावन का महीना और भगवान शंकर यानी भक्ति की ऐसी अविरल धारा जहां हर हर महादेव और बम बम भोल की गूंज से कष्टों का निवारण होता है, मनोवांछित फल की प्राप्ति होती है। यूं तो भगवान शंकर की पूजा के लिए सोमवार का दिन पुराणों में निर्धारित किया गया है । लेकिन पौराणिक मान्यताओं में भगवान शंकर की पूजा के लिए सर्वश्रेष्ठ दिन महाशिवरात्रि, उसके बाद सावन के महीने में आनेवाला प्रत्येक सोमवार, फिर हर महीने आनेवाली शिवरात्रि और सोमवार का महत्व है। लेकिन भगवान को सावन यानी श्रावण का महीना बेहद प्रिय है जिसमें वह अपने भक्तों पर अतिशय कृपा बरसाते हैं। ऐसी मान्यता है कि इस महीने में खासकर सोमवार के दिन व्रत-उपवास और पूजा पाठ (रुद्राभिषेक, कवच पाठ, जाप इत्यादि) का विशेष लाभ होता है । सनातन धर्म में यह महीना बेहद पवित्र माना जाता है यही वजह है कि मांसाहार करने वाले लोग भी इस मास में मांस का परित्याग कर देते है ।

सावन के महीने में सोमवार महत्वपूर्ण होता है। सोमवार का अंक २ (पहला रविवार और दूसर ा सोमवार) होता है जो चन्द्रमा का प्रतिनिधित्व करता है। चन्द्रमा मन का संकेतक है और वह भगवान शिव के मस्तक पर विर ाजमान है। चंद्रमा मनसो जात : यानी चंद्रमा मन का मालिक है और उसके नियंत्रण और नियमण में उसका (चंद्रमा का) अहम योगदान है। यानी भगवान शंकर शिव के मस्तक पर चंद्रमा को नियंत्रित कर उक्त साधक या भक्त के मन को एकाग्रचित कर उसे अविद्या रुपी माया के मोहपाश से मुक्त कर देते हैं । भगवान शंकर की कृपा से भक्त त्रिगुणातीत (सत, रज और तम गुण) भाव को प्राप्त करता है और यही उसके जन्म-मरण से मुक्ति का आधार बनता है ।

सावन के महीने में सबसे अधिक बारिश होती है जो शिव के गर्म शरीर को ठंडक प्रदान करती है। भगवान शंकर ने स्वयं सनतकुमारों को सावन महीने की महिमा बताई है कि मेरे तीनों नेत्रों में सूर्य दाहिने, बांये चन्ऽ और अग्नि मध्य नेत्र है। जब सूर्य कर्क राशि में गोचर करता है, तब सावन महीने की शुरुआत होती है। सूर्य गर्म है जो उष्मा देता है जबकि चंऽमा ठंडा है जो शीतलता प्रदान करता है। इसलिए सूर्य के कर्क राशि में आने से झमाझम बारिस होती है । जिससे लोक कल्याण के लिए विष को पीने वाले भोले को ठंडक व सुकून मिलता है । इसलिए शिव का सावन से इतना गहरा लगाव है।

सावन और साधना के बीच चंचल और अति चलायमान मन की एकाग्रता एक अहम कडी है जिसके बिना परम तत्व की प्राप्ति असंभव है । साधक की साधना जब शुरू होती है तब मन एक विकराल बाधा बनकर खडा हो जाता है । उसे नियंत्रित करना सहज नहीं होता । लिहाजा मन को ही साधने में साधक को लंबा और धैर्य का सफर तय करना होता है। इसलिए कहा गया है कि मन ही मोक्ष और बंधन का कार ण है। यानी मन से ही मुक्ति है और हम ही बंधन का कारण है। भगवान शंकर ने मस्तक में ही चंऽमा को दृढ कर रखा है लिहाजा साधक की साधना निर्विघ्न संपन्न होती चली जाती है ।

यजुर्वेद के एक मंत्र में मन को बडा ही प्रबल और चंचल कहा गया है । मन जड होते हुए भी सोते-जागते कभी भी चैन नहीं लेता। जितनी देर हम जागते रहते हैं, उतनी देर यह कुछ न कुछ सोचता हुआ भटकता रहता है । मन की इसी अस्थिर गति को थामने और दृढ करने के लिए भगवान शंकर हमें सावन जैसा मास प्रदान करते हैं। इसी सावन में साधना हर बाधाओं को पार कर आगे बढती है। सावन,सोमवार और भगवान शंकर की अराधना सर्वथा कल्याणकारी है जिसमें भक्त मनोवांछित फर प्राप्त करते हैं।

शिव (शिव) मंत्र में एक अंश उसे ऊर्जा देता है और दूसरा उसे संतुलित करता है। इसलिए जब हम 'शिव' कहते हैं, तो हम ऊर्जा को एक खास तरीके से, एक खास दिशा में निर्देशित कर ने की बात करते हैं। 'शिवम' में यह ऊर्जा अनंत स्वरुप का रुप धारण करती है। 'ऊं नमस् शिवाय' का महामंत्र भगवान शंकर की उस उर्जा को नमन है जहां शक्ति अपने सर्वोच्च रूप में आध्यात्मिक किरणों से भक्तों के मन(मस्तिष्क को संचालित करती है। जीवन के भव(ताप से दूर कर भक्ति को प्रगाढ करते हुए सतोगुण, रजोगुण और तमोगुण से मुक्त कर मानसिक और शारीरिक रूप में विकार रहित स्वरूप प्रदान कर ती है। यह स्वरूप निर्विकार होता है जो परमब्रह्म से साक्षात्कार का रास्ता तय कराता है ।

'शिव' शब्द की उत्पत्ति वश कान्तौ धातु से हुई हैं। जिसका मतलब जिसको सब चाहें वही शिव। जीवन में सभी आनंद की इच्छा करते हैं यानी शिव का एक अर्थ आंनद भी है। 'शिव' का एक अर्थ ('कल्याणकारी' भी है। शिव यानी जो सबको प्यारा ।

भगवान शंकर यूं तो अराधना से प्रसन्न होते हैं लेकिन सावन मास में जलाभिषेक, रुद्राभिषेक का बडा महत्व है। वेद मंत्रों के साथ भगवान शंकर को जलधारा अर्पित करना साधक के आध्यात्मिक जीवन के लिए महाऔषधि के सामान है । पांच तत्व में जल तत्व बहुत महत्वपूर्ण है। पुराणों ने शिव के अभिषेक को बहुत पवित्र महत्व बताया गया है ।

जल में भगवान विष्णु का वास है, जल का एक नाम 'नार ' भी है। इसीलिए भगवान विष्णु को नारायण कहते हैं। जल से ही धरती का ताप दूर होता है । जो भक्त, श्रद्धालु भगवान शिव को जल चढाते हैं उनके रोग-शोक, दु:ख दरिद्र सभी नष्ट हो जाते है । भगवान शंकर को महादेव इसीलिए कहा जाता है क्योंकि वह देव, दानव, यक्ष, किन्नर, नाग, मनुष्य, सभी द्वारा पूजे जाते हैं ।

सावन मास में शिव भक्ति का पुराणों में भी उल्लेख मिलता है। पौराणिक कथाओं में वर्णन आता है कि इसी मास में समुऽ मंथन किया गया था। समुद्र मथने के बाद जो विष निकला उसे भगवान शंकर ने कंठ में समाहित कर सृष्टि की रक्षा की लेकिन विषपान से महादेव का कंठ नीलवर्ण हो गया। इसीसे उनका नाम नीलकंठ महादेव पडा। विष के प्रभाव को कम करने के लिए सभी देवी(देवताओं ने उन्हें जल अर्पित किया। इसलिए शिवलिंग पर जल चढाने का खास महत्व है। यही वजह है कि श्रावण मास में भोले को जल चढाने से विशेष फल की प्राप्ति होती है। शिवपुर ाण में उल्लेख है कि भगवान शिव स्वयं ही जल हैं। इसलिए जल से उनकी अभिषेक के रुप में अराधना का उत्तमोत्तम फल है जिसमें कोई संशय नहीं है ।

संजीवनं समस्तस्य जगत :
सलिलात्मकम
भव इत्युच्यते रूपं भवस्य पर
मात्मन: ॥

अर्थात जो जल समस्त जगत के प्राणियों में जीवन का संचार करता है वह जल स्वयं उस पर मात्मा शिव का रूप है। इसीलिए जल का अपव्यय नहीं वरन उसका महत्व समझकर उसकी पूजा कर ना चाहिए। पुराणों में यह भी कहा गया है कि सावन के महीने में सोमवार के दिन शिवजी को एक बिल्व पत्र चढाने से तीन जन्मों के पापों से मुक्ति मिलती है। इसलिए इन दिनों शिव की उपासना का बहुत महत्व है।



भारतको झारखण्ड राज्यमा रहेको बाबा बैजनाथ धाम

## मगही भाषा

### मगही भाषा के गीत

१०

मचिया छोड सासु दउडल आवे, खिलाव बहु हलुवा बेटा हुआ है ।
हलुआ के हाल सासू हम से न पूछो, विलइया खा गेल हलुआ हलुआ नीं है ।
सुपलिया छोड ननद दउडल आवे, खिलाब भाभी हलुआ, वेटा हुआ है ।
हलुआ के हाल ननद हमसे न पूछो, बिलइया खा गेल हलुआ नही है ॥

११

अनजानो देई के लीलरा टिकुलिया तो मानिक दीप जे हे लाल ।
रजवा के बेटबा अनजानी दुलहा, मुँहवा निरेखे, कतेक धनिया सुन्दर हो लाल ।
ललना सेहो धानी पइसले सउरिया, कइसे धानी के देखब हो लाल ।
मचिया बयठल तुहूँ मइया तो सुनहूँ बचन मोरा हो लाल ।
मइया सउरी दुहरिया सेजिया डँसइहँऽ सोइते धानी के देखब हो लाल ।

१२

सासुजी के हम नऽ बोलायबो हो लाल,
से उनखर बोलिया न सहैतो हे लाल ।
सासु अइहें देवता मनइहें हो लाल,
से देवता मनइया नेग मंगिहे हो लाल ।
गोतनी के बोलिया न सहैतो हो लाल,
से उनको के हम न बोलयबो हे लाल ।
गेतनी जे अइहें हलुआ घटिहें हो लाल,
से हलुआ घटइया नेग मंगिहे हो लाल ।
न्नद के हम न बोलयबो हो लाल,
से अखिया-अंजइया नेग मंगिहे हो लाल ।

१३

तू का लेबऽ हे, ललना के बधइया ?
टिकवा जे लेबऽ ननद, मांग होइहें खाली,
उघार होइहें हो बडे भइया के रानी ।
सिकडी जे लेबऽ ननद, गला होइहें खाली ।
उघार होइहें हो बडे भइया के रानी ।
पायल जे लेबऽ ननद, पैर होइहें खाली,
उघार होइहें हो, बडे भइया के रानी ।

**भरत प्रसाद महतो**



# सम्वन्ध बिच्छेद : महिलाले अंश नमागे एक दुई दिनमै टुगो अंश मागे वर्षौं

वेलिना थापा

लमजुङ । विवाहित दम्पतीले सम्बन्ध विच्छेद गर्दा कानूनले नै सम्पतीमा महिला पुरुषको आधा/आधा हक लाग्ने व्यवस्था गरेको छ । तर, व्यवहारमा भने सम्बन्ध विच्छेद गरेका महिलामध्ये धेरैजसोले अंश नलिने गरेका छन् ।

लमजुङ जिल्लामा पनि सम्बन्ध विच्छेद गर्नेमध्ये अधिकांश महिलाले अंश नलिने गरेका छन् । जिल्ला अदालत लमजुङका जिल्ला न्यायाधीश कोमलप्रसाद आचार्याका अनुसार सम्बन्ध विच्छेदका लागि आएका अधिकांश महिलाले अंश नलिने गरेका हुन् ।

उनका अनुसार अदालतमा आउादा महिलालाई अंश चाहिने नचाहिने सोधपुछ गरिन्छ । तर, धेरै महिलाले अंश चाहिदैन भन्ने गरेका छन् । 'जति पनि महिला यहा आउँछन् उनीहरुलाई सोध्छौं । खान लाउन पर्नेहोला । अंश चाहिन्छ होला नी भनेर' उनले भने, 'अधिकांशले लिादैनौं भन्छन् । जुन हो सम्बन्ध नै नरहे पछि अंशको के काम भनेर भन्ने गर्छन् । सम्बन्ध नरहे पछि सम्पतीले के गर्छ भनेर भन्छन् ।'

उनका अनुसार सन्तान भएका महिलाको हकमा भने आमासँग बच्चा राख्ने गरी बच्चाको पालनपोषणका लागि मासिक रुपमा खर्च व्यहोर्ने गरेको अदालतका श्रेष्तेदार जगतबहादुर भण्डारीले बताए ।

उनले भने,-'अदालतमा आएका महिलालाई दबाबमा अंश नलिने होकी भनेर पनि सोध्छौं । उहाँहरुले होइन आफ्नै इच्छाले भन्नुहुन्छ । पछिल्लो समय यस्ता महिला बढेका छन् ।'

अंश पाउने अधिकार भए पनि प्रक्रिया लामो र झन्झटिलो भएका कारण महिलाले अंश दाबी गर्ने नगरेको अदालतले बताएको छ । श्रेष्तेदार भण्डारीका अनुसार महिलाले अंश नलिने शर्तमा मिलेर आएको खण्डमा १ र २ दिनमै अदालतबाट सम्बन्धविच्छेद हुन्छ ।

अंश लिनेका लागि कानून प्रक्रिया लामो छ । अंश लिनका लागि सबै परिवारका सदस्यलाई अदालतमा झिकाएर फााटबारी गराउनुपर्ने र त्यसमा पनि समझदारी नबने मुद्दाको प्रक्रियामा जानुपर्ने जस्ता समस्याले धेरै महिलाले अंश नखोज्ने गरेको उनको भनाइ छ ।

जिल्ला बार एकाईका अध्यक्ष कृष्णप्रसाद अधिकारीका अनुसार अदालतमा सम्बन्ध विच्छेद गर्न आउनेको संख्या बढ्दो संख्यामा छ । न्याय सम्पादनमा सरल र सहज भएकाले पनि अदालतमा आउनेको संख्या बढेको उनको भनाइ छ ।

'पहिले लोग्ने स्वास्नीको झगडा त हो । घरबाट बाहिर लानु हुँदैन भन्ने गरिन्थ्यो । अदालतसम्म आउने कमै थिए' उनले भने, 'अहिलेका मानिस शिक्षित छन् । न्यायको बारेमा जानकार छन् । न्याय सहेर बस्दैनन् । त्यसैले अदालतमा आउने महिला, पुरुष बढी देखिएको हो ।'

अदालतका अनुसार भदौ १ देखि नयाा मूलुकी सहिंता लागु भएसागै पुरुष पनि सम्बन्धविच्छेद गर्न सिधै अदालत आउने गरेका छन् । भदौदेखि हालसम्म ३४ पुरुष र १ सय ३८ महिलाले सम्बन्धविच्छेदका मुद्दा दर्ता गरेका छन् । पुरुषवादी भएको आएको मुद्दा १४ वटा फछ्र्यौट भएको छ । महिला वादी भएर आएको मुद्दा १ सय १८ वटा फछ्र्यौट भएका छन् ।

आर्थिक वर्ष २०७५/०७६ मा महिलावादी भएर आएका १ सय ७५ वटा र पुरुषवादी भएर ४६ वटा मुद्दा परेका थिए । यसमा महिलावादी भएका १ सय ५५ पुरुषवादी भएका १५ मुद्दा फछ्र्यौट भएका छन् ।

जिल्ला अदालतमा आर्थिक वर्ष २०७४/०७५ मा १ सय ५१ वटा सम्बन्ध विच्छेदका मुद्दा परेको थियो । आर्थिक वर्ष २०७३/०७४ मा १ सय ८ वटा मुद्धा परेको थियो । यस्तै, आ.व २०७२/०७३ मा १ सय १६ मुद्दा परेका थिए ।

बेटा-बेटी दोनो के स्कूल पठाव दहेज प्रथा के अन्त कर ।

# नोवेल हस्पिटलद्धारा पााचथरमा एम्बुलेन्स प्रदान

बिराटनगर । नोबेल शिक्षण अस्पतालले दुर्गम क्षेत्रका बिरामीलाई अस्पताल पर्याउन सहजताका लागि पााचथरमा एम्वुलेन्स प्रदान गरेको छ । पाँचथरबासीको सहजताका लागि स्थानीय नमुना बाल तथा युवा क्लवलाई नोबेलले करिब ११ लाख मुल्यको एम्बुलेन्स निःशुल्क प्रदान गरेको छ ।

पाँचथर सदरमुकाम फिदिम मा आयोजित कार्यक्रममा नोबेल अस्पताल सञ्चालक डा.सुनिल शर्माले क्लवका अध्यक्ष सन्तोष श्रेष्ठलाई चावी हस्तान्तरण गर्दै एम्बुलेन्स सेवा सुभारम्भ गरेका छन् । कार्यक्रमलाई संबोधन गर्दै डा.शर्माले पााचथरका अति बिपन्न एक सय बिरामीलाई नोबेलले निःशुल्क उपचार गर्ने घोषणासमेत गरे । 'गाउँका अति गरिव बिरामीलाई राजनीतिक दलहरुले मिलेर ल्याउँनुहोस्, हामी निःशुल्क उपचार गराईदिन्छौ ।' उनले भने 'तर, बिरामीको उपचार जस्तो पुण्यको काममा राजनीति नगरौ, सवै पार्टी मिलेर बिरामीको उद्धार गरौं ।'

नोबेलमा बिपन्न नागरिक औषधि उपचार कोष, आमा सुरक्षा कार्यक्रम र स्वास्थ्य बीमा मार्फत सु'लियतमा उपचार हुँदै आएको जानकारी दिदै डा.शर्माले सहुलियत सुविधाको उपयोग गर्न सवैलाई आग्रह गरे । समाजसेवाका क्षेत्रमा सक्रिय डा. शर्माले बिरामीको सहजताका लागि निःशुल्क एम्बुलेन्स दिएर ठूलो सहयोग पर्याएको भन्दै पाँचथरबासीको तर्फबाट सोहि कार्यक्रममा डा.शर्मालाई सम्मानसमेत गरिएको छ ।

कार्यक्रममा बोल्दै नेपाली कांग्रेस मोरङ सभापति डिगबहादुर लिम्बु, कांग्रेस पाँचथर सभापति नरेन्द्रकुमार केरुङ्ग, महासमिति सदस्य ललित श्रेष्ठ, नेकपा नेता बीरदल राई, संघीय समाजवादी का कमल हाङ्गसरुम्वा, फिदिम नगरपालिका का प्रमुख ओनाहाङ्ग नेम्वाङ्ग, सहायक प्रमुख जिल्ला अधिकारी निर्मल तुम्रोक, जिल्ला समन्वय समितिका नरबहादुर गुरुङ्ग, उद्योग बाणिज्य संघका अध्यक्ष दिपक नेपाल, गैसस महासंघका उपाध्यक्ष क्षोमाया तामाङ्ग लगायतले एम्बुलेन्स प्रदान गरेकोमा नोबेल अस्पताल सञ्चालक डा.शर्मालाई धन्यवाद ज्ञापन गर्दै प्रशंसा गरेका थिए ।

कार्यक्रममा बोल्ने अधिकांश वक्ताले नोबेल अस्पताल सञ्चालक डा. शर्माको सेवाभाव को प्रशंसा गर्दै समाजसेवाका क्षेत्रमा डा. शर्मालाई उदयवान र उदाहरणीय व्यक्तिका रुपमा प्रस्तुत गरेका थिए । डा.शर्माले यसअघि मोरङको पथरी शनिश्चरे-(पुलचौक स्थित त्रिपुरेश्वर शिव पञ्चायन मन्दिरलाई पनि निःशुल्क एम्बुलेन्स प्रदान गरेका थिए ।

विजय कुमार मण्डल द्वारा सम्पादीत बहुभाषी पत्रिका हिपमत तरंग साप्ताहिक चा डै बजारमा आउँदैछ ।

## स्वास्थय

# दुध और केला साथ में खाना फायदेमंद या नुकसानदायक ?



दूध और केला साथ में खाना फायदेमंद है या नुकसानदायक ? यहां है आपको केले के मिश्रण से बने मिल्कशेक से बचना चाहिए, क्योंकि यह पाचन प्रक्रिया को बाधित करती है और आपके सोने के पैटर्न को परेशान करती है.

केले और दूध से बने मिल्कशेक खूब पसंद किए जाते हैं.

आपको केले के मिश्रण से बने मिल्कशेक से बचना चाहिए, दुध मीठा होता है जिससे हमारे पाचन तंत्र में कई दिक्कत पैदा हो सकती हैंकेला और दूध एक साथ अच्छी तरह से काम नहीं करते है

हम सभी मिल्कशेक और स्मूथीज से बेहद प्यार करते हैं. तपती गर्मी में कूल-कूल होने के लिए मौसमी फलों और दूध का मिश्रण एकदम सही विकल्प है. आखिर किसको केले से बना मिल्कशेक शाम के समय पीना पसंद नहीं होगा ? और हो भी क्यों न, टेस्टी जो इतना लगता है. हम केले और दूध का काम्बिनेशन ठंडे मिल्कशेक में लंबे समय से देखते आए हैं. लेकिन सच्चाई तो यह है कि ये का'म्बिनेशन स्वास्थ्य के कतई ठीक नहीं. इस बारे में हमने कई विशेषज्ञों से बात की. यहां आप भी जानिए केले और दूध के मिश्रण से जुडी जरूरी बातें. दूध और केले का मेल स्वास्थ्य के लिए अच्छा या बुरा है ? इस बात के लिए हमेशा बहस होती आयी है. हालांकि कई सुझाव देते हैं कि दोनों एक उत्कृष्ट काम्बिनेशन बनाते हैं, तो कुछ उन्हें एक साथ खपत करने की सलाह देते हैं.

केले और दूध का काम्बिनेशन अच्छा या बुरा ?

जब हमने केयर फा'र लाइफ के विशेषज्ञ डायटीशियन और मनोवैज्ञानिक हरीश कुमार से पूछा, तो उन्होंने कहा कि, "हम इस का'म्बिनेशन की सिफारिश नहीं करते क्योंकि यह शरीर के लिए बहुत हानिकारक साबित हो सकता है. और अगर आप उसे पीना चाहते हैं, तो आप पहले दूध ले सकते हैं और उसके २० मिनट के बाद एक केला खा सकते हैं. आपको केले के मिश्रण से बने मिल्कशेक से भी बचना चाहिए, क्योंकि यह पाचन प्रक्रिया को बाधित करती है.

केले के साथ दूध पीना चाहिए या नहीं

इसके विपरीत, विशेषज्ञ पोषण नूट्रिशनिस्ट और मैक्रोबायोटिक हेल्थ कोच, शिल्पा अरोडा कहती हैं, "केला और दूध का मिश्रण जो लोग वजन बढाने की इच्छा रखते हैं और जिन्हें अपने काम में ज्यादा ऊर्जा की जरूरत है, उनके लिए ये बहुत लाभकारी है. हालांकि यह मिश्रण अस्थमा से ग्रसित लोगों को लेने से मना किया गया है क्योंकि यह मिश्रण बलगम जैसी एलर्जी पैदा करता है जिससे सांस लेने में दिक्कत होती है.

केले के साथ दूध पीना चाहिए या नहीं आयुर्वेद का क्या कहना है ?

जहां तक आयुर्वेद का संबंध है, हर भोजन का अपना स्वाद ( रस) , पाचन प्रभाव (वीपाका) और ताप या शीतलन ऊर्जा ( वीर) होता है. इसलिए किसी व्यक्ति की अग्नि या गैस्ट्रिक आग यह निर्धाति करती है कि उसकी भोजन प्रक्रिया कितनी अच्छी या खराब है. आयुर्वेद अपनी सबसे असंगत खाद्य पदार्थों की सूची में दूध और केले को डालता है.

वसंत लाड की किताब द कंपलीट बुक अफ आयुर्वेद होम रेमिडीज, अ काम्प्रीहेंसिव गाइड टू द एंशिएंट हीलिंग अ'फ इंडिया के मुताबिक फलों और दूध के का'म्बिनेशन से बचना चाहिए. वसंत लाड की एक रिपोर्ट के अनुसार, दूध के साथ केले को खाने से अग्नी कम हो सकती है, विषाक्त पदार्थ उत्पन्न हो सकता है और साइनस कंजेशन, ठंड, खांसी और एलर्जी पैदा हो सकती है. हालांकि इन दोनों खाद्य पदार्थों में मीठा स्वाद और शीतलन ऊर्जा है, जिनका पाचन प्रभाव बहुत अलग है. केला खट्टा होता हैं जबकि दूध मीठा होता है जिससे हमारे पाचन तंत्र मे कई दिक्कत पैदा सकती हैं. इसका नतीजा एलर्जी और अन्य असंतुलन भी हो सकता है.

आयुर्वेद विशेषज्ञ डा. वैद्य और डा. सूर्य भागवती कहते है के , "यह एक बुरा का'म्बिनेशन है और इसे विरुद्ध आहार (असंगत काम्बिनेशन) के रूप में जाना जाता है. यह अमा पैदा करता है, और शरीर में असंतुलन और रोगों का मूल कारण है. यह पाचन शक्ति को कमजोर करता है. यह कंजेशन ,ठंड, खांसी, चकत्ते और एलर्जी का कारण बनता है. यह शरीर मे नकारात्मक प्रतिक्रिया पैदा करता है, अतिरिक्त पानी उत्पन्न करता है, शरीर के अंगो को ब्लाक करता है. इतना ही नही इससे उल्टी और दस्त होने की आशंका भी बनी रहती है.

तो क्या दूध के साथ केला खाना चाहिए या नहीं

हमारे विशेषज्ञों के मुताबिक केला और दूध एक साथ अच्छी तरह से काम नहीं करते है और हमारे स्वास्थ्य को गंभीर नुकसान पहुंचा सकते हैं. इसलिए दूध के साथ केले को मिलाने से बचना चाहिए. अगर आप इनका मजा अलग अलग लें तो बेहतर होगा क्योंकि उनके पास अपने विशेष गुण हैं जो हमारे स्वास्थ्य को लाभ देते हैं. जबकि उन दोनों का मिश्रण उनके गुणों को मार सकता है और शरीर में बीमारिया पैदा करता है.

मोटर साईकल चलाउादा अनिवार्य रुपमाा हेल्मेटको प्रयोग गरौं ।

# निजामति सेवाको विकास आजको आवश्यकता

लक्ष्मी विलास कोईराला

परिवर्तन के हो ?

देशको संघीय शासन प्रणालीमा रूपान्तरण भएपछि निजामती कर्मचारी समायोजन कार्य जटिल एवं मानवीय पक्षबाट अत्यन्त संवेदशील रह्यो । कर्मचारीहरू खटाईएको ठाउमा जान हिचकिचाए । कर्मचारी किन खटाएको ठाउमा जान जागरूक भएनन् भन्ने विषय परिवर्तन व्यवस्थापनको एउटा महत्वपूर्ण पक्ष थियो । तर राजनीतिज्ञ एवं उच्च प्रशासकले त्यस पक्षलाई हेक्का राखेनन् वा बुझिबुझि बुझ पचाए । कर्मचारी समायोजनको कार्य अझै चित्तबुझ्दो किसिमले नभएको गुनासाहरू आईरहेकाछन् ।

समाजमा परिवर्तन निरन्तर भईरहन्छ । परिवर्तन वाहेक केहि स्थिर हुदैन्, भनिन्छ । भईरहेको स्थितिमा फरकपन आउनु परिवर्तन हो । मानिसको चाहना परिवर्तन भयो, वातावरणमा उत्परिवर्तन आयो, नयाा माग सिर्जना भयो, प्रविधि बदलियो, राजनीतिक सामाजिकार्थिक सिद्धान्तमा परिवर्तन आयो, देशको शासन प्रणली परिवर्तन भयो र संगठनको उद्देश्य बदलियो भने भईरहेका संयन्त्रमा परिवर्तन आउाछ वा परिवर्तन गर्नुपर्ने हुन्छ, त्यो नै यर्थाथमा परिवर्तन हो । प्रशासनिक एवं व्यवस्थापकीय कार्यवातावरण तीब्र गतिमा बदलिएकोछ । शासन प्रणाली परिवर्तनले परिवर्तन निम्त्याएकोछ । परिवर्तन, प्रविधि परिवर्तनले ल्याएकोछ । परिवर्तन, सुसूचीत समाजको विकासले ल्याएकोछ । परिवर्तन समाजिक विविधताले ल्याएकोछ । र, परिवर्तन, व्यवस्थापन र प्रशासनका नवीनतम सिद्धान्तहरू को कारणले भएकोछ । कार्यप्रणाली मा परिवर्तन गर्नु पर्ने भएकोछ ।

परिवर्तनले समाजमा अस्थायित्व, नयाापन र विविधता बढाएकोछ । मानिसको वस्तुसाग, व्यक्तिसाग र ठाउसागको संवन्ध पातलिएकोछ । हामी हाम्रा बाबुबाजे जस्तो पैत्रिक थलो भनेर टाासिएर बस्ने अवस्थामा छैनौ । किनेका सामानहरू छिट्टै पुराना हुने अवस्था छ । कामका सिलसिलामा अनेकौं मान्छेहरूसाग भेट हुने तर दिगो संबन्ध धेरैसाग नहुने स्थिति छ । संगठन र विचारप्रतिको संवन्ध पनि स्थायी छैन् । कर्मचारीमा संगठनप्रति पहिले जस्तो सर्मपण (ल्वायल्टी) पाईदैन् । प्रशासनिक सिद्धान्तहरू परिवर्तन भईरहेकाले कुनै एक सिद्धान्तमा टाासिरहन सक्ने अवस्था छैन् । परिवर्तनले कार्यस्थाल, कार्यप्रक्रिया सेवाग्राहीसागको संबन्ध सबै बदलिदिएकोछ । नयाापन आएकोछ, अनिश्चितता बढाएकोछ । नयाापनले समाज तथा संगठनमा कार्यजन, संस्कृति तथा प्रविधिमा विविधता ल्याएकोछ । विविधता, नयाापन र अस्थायी संबन्ध जस्तो बदलिंदो वाताबाणमा प्रशासकीय संगठनले कार्यसम्पादन गर्न परिरहेकाले संगठनमा वा मानिसको जीवनमा परिवर्तनको व्यवस्थापन आवश्यक भएकोछ ।

संगठनात्मक कार्य सम्पादनमा रहेको कमजोरी, नयाा प्रविधि आविस्कार, नयाा अवसरको सिर्जना, राष्ट्रिय अन्तराष्ट्रिय दवाव, सुरक्षात्मक, वित्तीय वा प्राकृतिक संकट, बदलिंदो वातावरणमा उत्कृष्ट संगठन बन्न, पुरानापन छोड्न तथा अपर्याप्त ज्ञान र सीप पुरा गर्न संगठनात्मक परिवर्तन गर्नुपर्ने हुन्छ ।

परिवर्तन व्यवस्थापन

स्वभावत: परिवर्तन निरन्तररूपमा र अनिरन्तर रूपमा हुने गर्दछ । निरन्तर भैरहने परिवर्तन व्यवस्थापन गर्न सरल हुन्छ भने अनिरन्तर वा घटनाकोरूपमा आउने परिवर्तन व्यवस्थापन गर्न कठिन हुन्छ । परिवर्तनलाई आत्मसात गर्न संगठनले संरचनागत, प्रक्रियागत र साास्कृतिगत परिवर्तनहरू गनुपर्ने हुन्छ । परंपरागत सार्वजनिक प्रशासनको परिकल्पना स्थिर वातावरण कार्य गर्नका लागि गरिएको थियो । स्थिर वातावरणमा काम गर्न एक उचीत कार्यप्रणाली, एक कार्य सीप (वान बेष्ट वे) भए पुग्दथ्यो । स्थायी कर्मचारीतन्त्र, संगठन र कार्यविधि निर्माण गरि लक्ष्य हासिल गर्न संभव हुन्थ्यो । परिवर्तनको गतिको अगाडि हाम्रो परंपरागत स्थिर प्रशासन प्रणाली नलाग्ने भुत्ते खुकुरी जस्तो भएकोछ । परिवर्तनको आाधीको व्यवस्थापन गर्दै परिवर्तनलाई राष्ट्र र जनताको हीतमा रूपान्तरण गर्न प्रशासकीय उद्देश्य र ढााचा, व्यवस्थापकीय स्वरूप र कर्मचारीको क्षमता र व्यवहार परिवर्तन अनुकुल बनाउन जरूरी भएकोछ ।

निर्णय प्रक्रियालाई सहभागितामूलक बनाउन, प्रतिस्पर्धात्मक प्रशासकीय वातावरणबाट उद्देश्य हासिल गर्न र नयाा विचार र प्रविधिको उपयोग गर्न रेडटेपिज्मले बाधा पुऱ्यायो । बाधा हटाउन लागि लर्निङ संगठनहरूले वातावरणिय परिवर्तनसाग समायोजन गर्न संगठनात्मक लचकता, फराकिलो संगठनात्मक संरचना तथा नवपरिवर्तन आधार बन्यो । टिममा काम गर्ने प्रवृतिको विकासले पदसोपानका सबै सीमाहरू भत्किए । कार्यजटिलताले नेतृत्वलाई संगठन हााक्न असजिलो बनायो । सुसूचीत उपभोक्ताका माग र दवावहरू बढे । यसकारण प्रशासकीय र व्यवस्थापकीय दृष्टिले परिवर्तनको व्यवस्थापन अपरिहार्य बन्यो ।

संगठनको उद्देश्य, कार्यप्रणाली तथा प्रविधिलाई परिवर्तन अनुकुल बनाउनु परिवर्तन व्यवस्थापन गर्नु हो । परिवर्तन व्यवस्थापन भनेको परिवर्तनलाई आफनो अनुकुल बनाउनु वा परिवर्तनको प्रभावबाट संगठनलाई लाभान्वित गर्नु तथा कर्मचारीलाई परिवर्तन आत्मसात गर्न सक्षम बनाउनु हो । परिवर्तन व्यवस्थापन एक औजार हो, प्रक्रिया हो र विधि हो जस्ले संगठनको उद्देश्य प्राप्त गर्न संगठनको जनशक्तिलाई उत्प्रेरित गर्दछ । मूलभूतरूपमा परिवर्तन व्यवस्थापन भनेको कर्मचारीलाई परिवर्तन स्वीकार गर्न सक्षम बनाउनु हो । परिवर्तन व्यवस्थापनले संगठनात्मक लक्ष्य परिवर्तन, संगठनात्मक पुर्नसंरचना, कार्यप्रणाली सुधार, नयाा प्रविधिको अवलम्वन, संगठनात्मक कार्य सास्कृति र कर्मचारीको व्यवहार परिवर्तनको माग गर्दछ । यस्ले व्यक्ति, टीम तथा संगठनलाई संगठनात्मक परिवर्तनको लागि तयार बनाउने र सहयोग गर्ने गर्दछ ।

परिवर्तनका संबन्धमा संगठनमा दुई किसिमका तागतहरू हुन्छन् । एउटा तागत परिवर्तनकामी हो भने अर्को परिवर्तन विरोधी । परिवर्तनकामी तत्वहरूमा राज्य शासन प्रणालीमा परिवर्तन, प्रतिस्पर्धी संगठनात्मक कार्य वातावरण, नयाा स्रोतसाधनको उपलब्धता, प्रविधि परिवर्तन तथा सेवाग्राहीको नवीन माागहरू पर्दछन् भने परिवर्तन विरोधी तत्वहरूमा अपुग सीप, जटिल कार्यसंस्कृति, परिवर्तनको परिणामको डर, कर्मचारीको भूमिका परिवर्तनको भय, सुरक्षाको अन्योलता, कर्मचारीको अधिकार, बृति विकास र प्रतिष्ठामा हुने ह्रास जस्ता तत्वहरू पर्दछन् । परिवर्तनका पक्षधर तत्व र परिवर्तनका प्रतिरोध गर्ने तत्वहरूलाई संगठनात्मक भिजन, मिसन उद्देश्य लक्ष्य परिवर्तन, मानव व्यवहार परिवर्तन, कार्यजिम्मेवारी परिवर्तन, संगठनात्मक संरचना र संगठनात्मक संस्कृति परिवर्तन र सामञ्जस्य गरि संगठनमा परिवर्तन ल्याउनु नै परिवर्तन व्यवस्थापन हो ।

परिवर्तन व्यवस्थापनका रणनीतिहरू

परिवर्तन व्यवस्थापनका लागि विद्वानहरूले आफनो आफनो राय सिद्धान्त रणनीतिको रूपमा दिएकाछन् । परिवर्तन वयवस्थापनका लागि प्रोसी फाउण्डरले परिवर्तनको जानकारी, परिवर्तनका लागि सहभागी बन्ने ईच्छा, परिवर्तनको ज्ञान, परिवर्तन कार्यान्वयन गर्ने क्षमता र सकारात्मक व्यवहार तथा परिवर्तनलाई भरपर्दो बनाउन सर्मथन गर्ने एडिकेएआर मोडल पेश गरेकाछन् । विलियम ब्रिजको तीन चरण परिवर्तनको महसुस, अनिश्चितत र कन्फ्युजन तथा स्वीकार ब्रिज मोडल हो भने म्याकिन्सेको सेभेन एस मोडलमा परिवर्तनका लागि साझा मूल्य विकास, रणनीतिको विकास, संगठन परिवर्तन, प्रणाली परिवर्तन, तौरतरिका परिवर्तन, कर्मचारीको ज्ञान र व्यवहार तथा सीप परिवर्तन रणनीति सुझाएकाछन् । प्रसिद्ध मनोविज्ञानबेत्ता कुर्त लिउनले अनफ्रिजिङ (परिवर्तनको आवश्यकता महसुस), परिवर्तन (आवश्यक परिवर्तन गर्ने) र पुनफ्रिजिङ (प्रतिरोधको समाधान गर्दै संगठनमा पुन:स्थिरता कामय गर्ने) रणनीति सुझाएकाछन् ।

परिवर्तन प्रतिरोधका कारणहरू

परिवर्तन प्रतिरोध व्यक्तिगत र संगठनात्मकरूपमा हुने गर्दछ । संघीय शासन प्रणालीमा कर्मचारी समायोजनगर्दा संघ, प्रदेश र स्थानीयतहमा गई सकेपछि वृति विकास के हुने जस्ता अहं अनिश्चितताका कारण कर्मचारी खटाएको ठााउमा जान नचाहने, गईहाले पनि त्यहाा बसिरहन नचाहने तथा कतिपय प्रदेश तथा स्थानीयतह सरकारले संघबाट खटिएको कर्मचारीलाइृ हाजिर हुन नदिने वा हाजिर नगराउने परिस्थिति देखिएका थिए र छन् ती व्यक्तिगत र संगठनात्मक प्रतिरोधका उदाहरण हुन् । जिम्मेवारी बदलिने, परिवतृनको प्रभावबाट असुरक्षा बढने, परिवर्तनको उद्देश्य अस्पष्ट हुने, परिवर्तनप्रति फरकफरक बुझाई, यथास्थितिमा रमाउने वानी, सिक्न नखोज्ने प्रवृति, अधिकार, आय सम्मान घटने डर, अनिश्चितता, सहज सूचना प्रवाहको कमी, परिवर्तनलाई वृति अनुकुल नदेख्ने जस्ता कारणहरूले व्यक्ति परिवर्तनको प्रतिरोध गर्नेगर्दछ । त्यस्तै संगठनात्मक जिम्मेवारी बदलिने, शक्तिसंबन्ध परिवर्तन हुने, स्रोतसाधनमा रहेको पकड गुम्ने, संगठनात्मक विशेषज्ञतामा ह्रास आउने, संगठनात्मक संरचना, कार्यप्रणाली तथा संगठनात्मक संस्कृति र व्यवहार परिवर्तन गर्नुपर्ने कारण संगठन परिवर्तनको प्रतिरोध गर्ने गर्नुपर्दछ । संघीय शासन प्रणालीअनुरूप संघ, प्रदेश र स्थानीयतहमा रहने कार्यालय गरि संगठनात्मक परिवर्तन गर्न समय लागेको यही कारण थियो ।

परिवर्तन प्रतिरोध न्यूनीकरणका उपायहरू

भन्ने गरिन्छ, हिमालय परिवर्तन गर्न सकिएला तर मान्छेको दिमाग बदल्न महाकठिन हुन्छ । परिवर्तनलाई सहजताकासाथ कार्यान्वयन गर्न कर्मचारीलाई परिवर्तनको आवश्यकता, उद्देश्य, योजना, प्रभावका विषयमा शिक्षा, तालिम दिने र सम्झाउने, कर्मचारीलाई परिवर्तनको

बांकी अन्तिम पेजमा...

# परिवर्तन ल्याएरै छाड्छौ समाजिक अभियन्ता

विराटनगर । परिवर्तनका लागि हातेमालो का संस्थापक अध्यक्ष विनोद परियारले गरिब तथा विपन्न वर्गका बालबालिकाहरुलाई शैक्षिक सामाग्री वितरण गरेका छन ।

उनले मंगलबार आ^ नो जन्मदिनको अवसर पार्दै हाटखोला नजिकै सिंघिया खोला आसपासमा बसोबास गर्दै आईरहेका बालबालिकाहरुलाई लक्षित गर्दै सहयोग स्वरुप उक्त शैक्षिक सामाग्री वितरण गरेका हुन । उनले सामाग्री वितरणको क्रममा उनीहरुसागै जन्मदिन मनाउादै खुसी समेत साटेका छन ।

परियार विगत २ बर्षदेखी परिवर्तनका लागि हातेमालो नामक सामाजिक संस्थाको संस्थापक अध्यक्षको रुपमा समाजसेवा गर्दै आईरहेका छन । उक्त संस्थाले विराटनगरको फोहोरमैला व्यवस्थापन र सो सम्बन्धी विभिन्न जनचेतनामूलक कार्यक्रमहरु गर्दै आईरहेको छ । सोही संस्थामा आबद्ध रही समाज परिवर्तनमा सक्रिय भुमिका निर्वाह गर्दै आएका परियार र उनको टीमले विराटनगरका अधिकांश क्षेत्रहरु फोहोरमुक्त बनाएका छन ।

नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जतातते फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउँ नगरीको रूपमा विकास गरौं
- उपभोक्ता आचारसंहिताको पालना गरौं ।

दुहवी नगर पालिकाको कार्यालय
दुहवी सुनसरी




नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जतातते फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउँ नगरीको रूपमा विकास गरौं
- उपभोक्ता आचारसंहिताको पालना गरौं ।

रंगेली नगर पालिकाको कार्यालय
रंगेली मोरंग